प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

फोन नं.: ०२१-४६००७८, ०२१-४६०२२४, ०२१-४६०४४६

पत्र संख्या :
चलानी नं. :

**"खुल्ला प्राणी उद्यान स्थापना सहयोगका लागि प्रदान गरिने आर्थिक अनुदान सम्वन्धमा"**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०१

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको खुल्ला प्राणी उद्यान स्थापना सहयोग कार्यक्रम संचालन गर्नको लागि प्रदेश नं. १ मा स्वीकृत विधान कार्ययोजना अनुसार प्राणी उद्यान (चिडियाखाना) संचालित सामुदायिक वन उपभोक्ता समुहबाट आवश्यक कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको निवेदन पेश गर्न हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावको आधार एवम् निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु तथा शर्तहरु:**

क) प्रदेश नं. १ भित्र स्वीकृत वन कार्ययोजना अनुसार सामुदायिक वन उपभोक्ता समुह (सा.व.उ.स) द्वारा संचालित कम्तिमा १० प्रजातीको वन्यजन्तु उद्दार, संरक्षण र प्रदर्शनी भएको प्राणी उद्यान (चिडीयाखाना) हुनुपर्ने,

ख) वन्यजन्तु उद्दार, प्रजनन र प्रदर्शनीका लागि कम्तिमा ६ हेक्टर क्षेत्रफल भएको हुनुपर्ने,

ग) चिडीयाखाना संचालनका लागि सम्वन्धित डिभिजन वन कार्यालयको स्वीकृती र स्थानीय तहको सिफारिस लिएको हुनुपर्ने,

घ) आवश्यक वन्यजन्तुको उद्दार तथा घाईते र विरामी वन्यजन्तुको उपचार गर्न प्राविधिक जनशक्ति वा सेवा करार सम्झौता गरेको हुनुपर्ने,

ङ) वन्यजन्तुका प्रजाती अनुकुलका वासस्थान व्यवस्था भएको हुनुपर्ने,

च) सामुदायिक वन उपभोक्ता समुहले पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण अद्यावधिक गराएको हुनुपर्ने,

छ) कूल परियोजना प्रस्तावको कम्तिमा १०% लागत सम्वन्धित सामुदायिक वन समुहले ब्यहोर्ने प्रतिवद्धता सहितको खुल्ला प्राणी उद्यान स्थापनाको विस्तृत लागत अनुमान बनाई पेश गर्नुपर्नेछ ।

ज) सम्वन्धित डिभिजन वन कार्यालयको अनुरोधमा घाईते तथा उद्दार गरिएका वन्यजन्तुहरुलाई उपचार, पालन प्रजनन तथा अनुसन्धान र प्रदर्शनी गर्ने भनी सामुदायिक वन समुहको प्रतिवद्धता,

झ) स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम तुलनात्मक रुपमा प्रस्ताव बमोजिम अधिकतम् अंक प्राप्त गर्ने सामुदायिक वन उपभोक्ता समुह (सा.व.उ.स) लाई यो कार्यक्रमको लागि छनौट गरिनेछ।

ञ) छानिएका सामुदायिक वन उपभोक्ता समुह (सा.व.उ.स)लाई मन्त्रालयको तर्फबाट अनुदान स्वरुप अधिकतम् रु. ९७,५०,०००।- (सन्तानब्वे लाख पचास हजार मात्र) उपलब्ध गराइनेछ जसबाट चिडियाखाना भित्र आवश्यक प्रजाति अनुसारका वासस्थान, पशु उपचार केन्द्र स्थल, नर्सरी स्थापना, गार्डेनिङ, वृक्षारोपण, वन्यजन्तु प्रदर्शनी स्थल, उद्दार स्थल, सेडहाउस निर्माण, बायोइन्जिनियरीङ तथा वातावरण संरक्षणका कृयाकलापहरु संचालन गर्न सकिनेछ । साथै प्राणी उद्यान (चिडीयाखाना) लाई आवश्यक पर्ने फर्निचर खरीद गर्नुपर्दा कुल परियोजना लागतको बढीमा ५ प्रतिशत मात्र खर्च गर्न पाइनेछ।

ट) सामुदायिक वन उपभोक्ता समुह (सा.व.उ.स) ले अनुदान प्राप्त गर्न मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ को अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी माथी उल्लेख गरिएका कागजातहरु संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा तोकिएको अवधिभित्र मन्त्रालयमा सिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

ठ) स्वीकृत कार्ययोजनामा चिडीयाखाना व्यवस्थापन सम्वन्धी विस्तृत योजना भएकोलाई ग्राह्यता दिईनेछ ।

ड) प्रशासनिक खर्चका लागि यो रकम खर्च गर्न पाईने छैन । वितरण भएको अनुदान सहयोगको अनुदानग्राहीले लेखा राखी अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ बमोजिम सामाजिक लेखापरिक्षण गराई सोको प्रमाणित प्रति, खर्च गरेको सम्पूर्ण विल भौचरहरु, हाजिरी लगाएत विल विजक र कार्य सम्पन्न प्रतिवेदन फरफारफका निम्ति मन्त्रालयमा पेश गर्नुपर्नेछ।

ढ) कार्यक्रमको अनुगमन मन्त्रालयबाट हुनेछ । अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ को अनुसुची ५ बमोजिमको अनुदानग्राहीले प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नछ ।

द्रष्टव्यः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ यस मन्त्रालयको वेभसाईट http://moitfe.p1.gov.np/ मा हेर्न सकिने छ।

**प्रस्ताव पेश गर्ने समय सीमाः २०७७/०२/१५ गते कार्यालय समयभित्र**

सन्जीव कुमार राई
प्रदेश सचिव

E-mail: moitfepradesh1@gmail.com
Website: moitfe.p1.gov.np